निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७३।१२।३१

निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवले मिति २०७३ चैत ३० गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा सञ्चालित म्यादी प्रहरी तालिमको अवलोकनका क्रममा बोल्नुभएको भनी २०७३ चैत ३१ गते काठमाडौंबाट प्रकाशन हुँदै आएको 'अन्नपूर्ण पोष्ट' दैनिकको छ पृष्ठमा प्रकाशित 'तराईमा सेना परिचालन गरेर भए पनि निर्वाचन : यादव' भन्ने शीर्षकको समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

समाचारमा प्रकाशित प्रमुख आयुक्त यादवको भनाइलाई बङ्ग्याइएर गलत अर्थ लाग्ने गरी सम्प्रेषण गरिएको, समाचारसँग छापिएको तस्बिरसमेत सम्बन्धित कार्यक्रमको नभएको र प्रमुख आयुक्त यादवबाट 'तराईमा सेना परिचालन गरेर भए पनि निर्वाचन गराउने' भन्ने विचार व्यक्त नभएको आयोग स्पष्ट पार्न चाहन्छ। निर्वाचनको वातावरणलाई असर गर्ने गरी तथा भनाइलाई अर्कै अर्थ लाग्ने ढङ्गबाट प्रकाशित गरिएको हुँदा आयोग सो समाचारको खण्डन गर्दछ।

आयोग निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन आमसञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहन्छ भन्ने विश्वास गर्छ र निर्वाचनको संवेदनशीलतालाई ध्यान दिन, पत्रकार आचारसंहिता २०७३ तथा स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ को पूर्ण पालना गर्न आयोग सम्बन्धित सबैसँग आग्रह गर्दछ।

नवराज ढकाल

सहसचिव

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ।"